# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/२२ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-------------------------------------------------

जिल्ला शिक्षा कार्यालय पाँचथरका सब-ईन्जिनियर मनोज कुमार यादवले श्री सिद्ध सरस्वती माध्यमिक विद्यालय, माङ्जाबुङ, पाँचथरको विद्यालय भवन निर्माणको लागि निकासा भएको रकम मध्ये रोक्का रहेको रकम फुकुवा गर्ने तथा भवन निर्माण र मर्मत कार्यको फरफारक गरी नियमानुसार कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने प्रयोजनका लागी विभिन्न बहानामा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिई गएको टोलीले निजलाई रु.१,२५,०००/- (एक लाख पच्चिस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा निजलाई बिगो रु.१,२५,०००/- (एक लाख पच्चिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा सोही दफा र उपदफाको देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता